## मिति २०७५।६।२४ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

१. निर्णय नं. १:- गाउँपालिकामा भगत सर्वजित स्मृति प्रतिष्ठानद्धारा हस्तान्तरण गरिएको एम्बुलेन्सलाई व्यवस्थित एवं पारदर्शि तवरले संचालन गर्न तयार गरिएको एम्बुलेन्स संचालन कार्यविधी २०७५ मा थप छलफल गरी पुन अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. निर्णय नं. :- गाउँपालिकाको बैठकलाई मयादित बनाउन तोकिएको बैठक समय भन्दा १५ मिनेट ढिलो आउने सदस्यलाई अनुपस्थित सरह मान्ने निर्णय गरियो

३. निर्णय नं. ३ :-यस गाउँपालिका मा खरिद गरिएको सवारी साधन (४ पाग्रे० संचालन गर्न एक जना हलुका सवारी चालकलाई करार सेवामा लिने निर्णय गरियो ।

४. निर्णय नं. ४ :- गा.पा.मा जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि स्वीकृत कार्यक्रम वडा संगको समन्वयमा दोह्रेरो नपर्ने गरी सम्पन्न गराउने निर्णय गरियो ।

५. निर्णय नं. ५ :- गाउँपालिका भित्र संचालन विकास योजनाका सिफारिस पत्र एवं अन्य आर्थिक सम्बन्धी पत्रमा वडा अध्यक्ष एवं वडा सचिव दुवैको अनिवार्य हस्ताक्षर हुनुपर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६ :- गाँउपालिकाको कार्यालय वा न्यायिक समिति विरुद्ध दायर गरिएका मुद्दाको प्रतिउत्तर दिने, जफाव लगाउने एवं अन्य कार्य गर्नका लागि कर्मचारी तोक्ने सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै प्र.प्र.अ.ले तोकेको व्यक्तिले वारेस समेत दिन सक्ने निर्णय गरियो ।

७. निर्णय नं. ७ :-BAS रुपन्देहीको सहकार्यमा संचालन गरिने स्वास्थ्य शिविर वडा नं ३ मा संचालन गर्ने र सो को समन्वयं र व्यवस्थापन वडा नं. ३ को कार्यालयले नै गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ८ :- गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीहरुको अभाव रहेको गुनासो र माग आएकोले तत्काल औषधी खरिद गर्नका लागि ५ लाख बराबरको औषधी कोटेशन प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत